


वर्ष ४० | अंक ९ | नेपाल राष्ट्र बैंक समाचार | जेठ २०७३ | मे–जुन २०१६

# वित्तीय क्षेत्रको विकास र स्थायित्व मार्फत मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध –गभर्नर डा. नेपाल

### (सन्दर्भः नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव समारोह)

नेपाल राष्ट्र बैंक बैशाख १४ गते ६० वर्ष पूरा गरी ६१ औं वर्ष प्रवेश गऱ्यो । सो अवसरमा बैंकमा एक विशेष कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमलाई गभर्नर डा. चिरञ्जीवि नेपालले समुद्घाटन गर्नुभयो ।




समुद्घाटन पश्चात् गभर्नर डा. चिरञ्जीवि नेपालले विगत १ वर्षमा नेपाल राष्ट्र बैंकले गरेको कार्यहरुको संक्षिप्त विवरण सहितको मन्तव्य राख्नु भयो । उहाँले २०७२ साललाई असाधारण वर्षको रुपमा स्मरण गर्दै गत वैशाख १२ गतेको भूकम्पबाट प्रभावित जनसमुदायप्रति वित्तीय क्षेत्रबाट समेत राहत सहुलियत प्रदान गर्न सकियोस् भन्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले विभिन्न नीतिगत व्यवस्था गरेको उल्लेख गर्नुभयो। असोज ३ गते नेपालको संविधान जारी हुनु र त्यसमा बैंक तथा वित्तीय संस्था सम्बन्धी अधिकार संविधानले व्यवस्था गरेको संघको अधिकार

बाँकी २ पेजमा

# गभर्नर डा. चिरंजीबि नेपाल IMF/WB 2016 Spring Meetings मा सहभागी

गभर्नर डा. चिरंजीवि नेपाल International Monetary Fund र World Bank ले संयुक्त राज्य अमेरिकाको वासिंगटन डिसिमा २०१६ अप्रिल १४ देखि १७ सम्म आयोजना गरेको 2016 Spring Meeting मा सहभागी हुनु भई मिति २०७३ वैशाख ७ गते स्वदेश फर्कनु भयो ।



केन्द्रीय बैंक, अर्थ मन्त्रालय, निजी क्षेत्र तथा प्राज्ञिक क्षेत्रका व्यक्तिहरुको प्रतिनिधित्व रहको उक्त बैठकमा विश्व अर्थतन्त्र, आर्थिक वृद्धि, गरिबी निवारण लगायतका क्षेत्रमा छलफल हुनुका साथै अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले प्रदान गर्ने सहयोगको प्रभावकारिताका बारेमा छलफल भएको थियो ।

गभर्नर डा. नेपाल अप्रिल १४ मा आयोजित Joint Governors' Meeting of the IMF-World Bank South East Asia Constituency मा समेत सहभागी हुनुभयो। उक्त बैठकमा China in Transition: Opportunities and Challenges for the Southeast Asia Constituency विषयमा Panel discussion का साथै Rotation Scheme को बारेमा छलफल भएको थियो ।

सो अवसरमा गभर्नर डा. नेपालले South East Asia Voting Group (SEAVG) का कार्यकारी निर्देशक Marzunishan Omar र कोषका उपकार्यकारी निर्देशक Mitsuhiro Furusawa सँग छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुभयो । सो क्रममा उहाँले नेपालको वर्तमान आर्थिक तथा वित्तीय अवस्थाका बारेमा जानकारी गराउनुका साथै केन्द्रीय बैंकले लिने नीतिहरुको कार्यान्वयनका लागि



केन्द्रीय बैंकको क्षमता अभिवृद्धिका निमित्त कोषबाट प्राप्त सहयोगको सराहना गर्दै भविष्यमा समेत यस प्रकारको सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो । सोही अवसरमा उहाँले हालै कोषबाट सम्पन्न मिसनहरुबाट प्राप्त सुझाव र सहयोगको लागि धन्यबाद समेत ज्ञापन गर्नुभयो ।

गभर्नर डा. नेपालका साथ गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित पनि उक्त कार्यक्रममा सहभागी हुनु भएको थियो ।

! k]hsf]afbL

**वित्तीय क्षेत्रको...**

क्षेत्र अन्तर्गत राखिनुलाई उपलब्धिपूर्ण भन्नु हुँदै उहाँले नेपाल राष्ट्र बैंक ऐन, २०५८ लगायत अन्य सम्बन्धित ऐनहरु समयसापेक्ष बनाउनको लागि संशोधनको प्रक्रियामा रहेको र विपन्न वर्ग केन्द्रित बैंकिङलाई जोड दिइएको जानकारी पनि दिनुभयो ।

गभर्नर डा. नेपालले आर्थिक वर्ष २०७२/७३ को हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत सूचकहरुको स्थिति मिश्रित रहेको उल्लेख गर्नुभयो । उच्च विप्रेषण र घट्दो आयातका कारण वाह्य क्षेत्रको स्थिति सुदृढ रहे पनि आर्थिक वृद्धि र कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदरमा कमी हुने अनुमान गर्दै उहाँले मुद्रास्फीति र तरलता व्यवस्थापन चुनौतीपूर्ण रहेको बताउनु भयो । पुँजीगत खर्च कम रहेको र शोधनान्तर बचत उच्च रहेको आंकडा पनि उहाँले पेस गर्नु भयो ।

पुँजी वृद्धि, मर्जर तथा एक्विजिसन र वित्तीय पहुँचलाई हेर्दा देशको बैकिङ क्षेत्र सबल र सुदृढ हुँदै गएको आभास मिलेको धारणा गभर्नर डा. चिरञ्जीवि नेपालले राख्नुभयो । विषम परिस्थितिमा पनि नेपालको बैकिङ क्षेत्रले आफ्नो सेवा सुचारु राखेकोमा बैंक तथा वित्तीय संस्थाहरुलाई धन्यवाद दिँदै गभर्नर डा. नेपालले वित्तीय क्षेत्रको विकास र स्थायित्व मार्फत् मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको जनाउनु भयो । (गभर्नर डा. नेपालले दिनुभएको वक्तव्य नेपाल राष्ट्र बैंकको वेवसाइटमा राखिएको छ ।)



सो कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य राख्नुभयो । उहाँले गतवर्ष भूकम्पका कारण वार्षिकोत्सवको कार्यक्रम आयोजना नभएको उल्लेख गर्दै बैंकका नीतिहरुमा समसामयिक परिवर्तन हुँदै जाने बताउनु भयो । तरलता नियन्त्रणका लागि बैंकले आवश्यक धनराशी खर्च गरेको र सुपरिवेक्षण कार्यलाई Risk Based गरिएको जानकारी पनि उहाँले दिनुभयो । पुँजी वृद्धि नीति लघुवित्त संस्थामा पनि लागु गरिने बताउँदै उहाँले नेपाली नोटलाई गुणस्तरीय बनाउने र नोट जलान कार्यलाई आधुनिकीकरण गरिने पनि उल्लेख गर्नुभयो ।डेपुटी गभर्नर शिवराज श्रेष्ठले धन्यवाद मन्तव्य राख्दै नेपालको अर्थतन्त्र र वित्तीय क्षेत्र प्रशस्त संभावनायुक्त रहेको धारणा राख्नुभयो । उहाँले निक्षेप परिचालन सुधारोन्मुख रहेको विचार व्यक्त गर्दै Nepal Financial Reporting Standard (NFRS) अनुसार बैंकको लेखापरीक्षण कार्य कार्यान्वयनको क्रममा रहेको जानकारी




दिनुभयो । बैंकको उच्च व्यवस्थापन देशको मौद्रिक/वित्तीय/आर्थिक/बैंकिङ सवलताको लागि सधैं प्रयासरत रहेको पनि उहाँले बताउनु भयो । गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले सञ्चालन गर्नु भएको सो कार्यक्रममा प्रथम गभर्नर हिमालय शम्सेर ज.व.रा. लाई कदरपत्रका साथ विशेष सम्मान गरिनुका साथै सबै पूर्व गभर्नरहरुलाई सम्मान गरिएको थियो । प्रथम गभर्नर ज.व.रा.ले मन्तव्य दिँदै आफ्ना अनुभवहरु सुनाउनु भएको थियो । सो अवसरमा बैंकमा रहेका ४ वटै कर्मचारी युनियनका अध्यक्षहरुले पनि शुभकामना मन्तव्य दिनु भएको थियो ।

कार्यक्रममा पूर्व डेपुटी गभर्नरहरु, पूर्व कर्मचारीहरु तथा बैंकमा कार्यरत सबै तहका कर्मचारीहरु लगायत बैंककर्मीहरुका साथै आर्थिक र वित्तीय क्षेत्रसँग सम्बद्ध निकायका पदाधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । बैंकमा २० वर्ष सेवा पूरा गर्ने कर्मचारीहरुलाई सेवा पदक तथा ६१ औं वार्षिकोत्सवका अवसरका आयोजित विभिन्न प्रतियोगिताका विजयीहरुलाई पुरस्कार र रक्तदान कार्यक्रमका सहभागीहरुलाई प्रशंसापत्र वितरण पनि सो समारोहमा गरिएको थियो ।

# शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

नववर्ष २०७३,नेपाल राष्ट्र बैंक कर्मचारी संघको २७ औं स्थापना दिवस तथा नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सवको अवसर मा नेपाल राष्ट्र बैंक कर्मचारी संघले वैशाख १५ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्दै गभर्नर डा.चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंकको भवन निर्माण कार्य नेपाल सरकारले गर्ने भएकाले सोही बमोजिम प्रक्रिया अघि बढेको जानकारी दिनुभयो । उहाँले अन्य संघ संस्था भन्दा नेपाल राष्ट्र बैंक फरक भएकाले नेपाल राष्ट्र बैंकका युनियनहरु पनि फरक र चुस्त हुनुपर्ने धारणा राख्नुभयो ।

सोही कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कर्मचारी युनियनहरुको संख्या र पदाधिकारी धेरै हुँदा बैंकको दैनिक काम प्रभावित भएको बताउनुभयो भने डेपुटी गभर्नर शिवराज श्रेष्ठले केन्द्रीय बैंकको गरिमा कायम हुनेगरी सबैले काम गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका केन्द्रीय अध्यक्ष वसन्तराज पाण्डेले नेपालको राष्ट्रिय आन्दोलनहरुमा संघको सक्रियता बारे प्रकाश पार्नुभयो । संघका कार्यक्रमहरु सेवाग्राहीले प्राप्त गर्ने सेवा प्रभावित नहुने गरी आयोजना गरिने पनि उहाँले बताउनु भयो । अरुणोदय (अंक २०) को लोकार्पण समेत गरिएको सो कार्यक्रमको संचालन संघका सचिव गोविन्दप्रसाद भण्डारीले गर्नुभएको थियो ।



## गभर्नर डा. नेपाल र विश्व बैंकका Country Director बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग विश्व बैंकका नेपालका लागि Country Director Mr. Qimiao Fan को नेतृत्वमा आएको चार सदस्यीय टोलीले वैशाख १६ गते भेटवार्ता गऱ्यो ।



नेपालका लागि नवनियुक्त Country Director Mr. Fan को स्वागत गर्दै गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंक वित्तीय तथा आर्थिक स्थिरता कायम गर्नका लागि सधैं कटिबद्ध रहेको जानकारी गराउनु भयो । गभर्नर डा. नेपाल र Mr. Fan को बीच देशको वर्तमान आर्थिक स्थितिको बारेमा पनि छलफल भयो ।

२०७२ वैशाखको भूकम्प तथा लामो समयसम्म चलेको राष्ट्रको दक्षिणी सीमा अवरोधका कारण अर्थतन्त्रमा परेको प्रभावका साथै कच्चा तेलको निरन्तर घट्दो मूल्यको कारण खाडी मुलुकबाट आउने विप्रेषणमा पर्न सक्ने असरका बारेमा विस्तृत छलफल भयो । पुनर्निर्माण कार्यले तीव्रता लिएपछि मुद्रास्फीति बढ्न सक्ने सम्भावना रहे पनि त्यसको नियन्त्रणका लागि नेपाल राष्ट्र बैंक सदाफैं सक्षम तथा तयार रहेको जानकारी गभर्नर डा. नेपालले गराउनु भयो ।

## डेपुटी गभर्नर शिवाकोटी चिनमा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी मे ११ देखि १३ सम्म China Banknote Printing and Minting Corporation को Study Visit मा सहभागी हुनुभयो । Beijing, China को उक्त अध्ययन भ्रमणमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक शंकर प्रसाद आचार्य, सामान्य सेवा विभागका का.मु. कार्यकारी निर्देशक रमेशकुमार पोखरेल तथा निर्देशकद्वय मुद्रा व्यवस्थापन विभागका बामदेव सिग्देल र कानुन महाशाखाका रामहरि न्यौपानेको पनि सहभागिता रहेको थियो ।

**नेपाल राष्ट्र बैंक समाचार**
**www.nrb.org.np मा समेत पढ्न सकिन्छ ।**

## जोखिम व्यवस्थापनका लागि सजगता आवश्यक –गभर्नर डा. नेपाल

(सन्दर्भः राष्ट्रिय जोखिम व्यवस्थापन सम्मेलन)

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख २२ गते National Banking Institute द्वारा काठमाडौंमा आयोजित राष्ट्रिय जोखिम व्यवस्थापन सम्मेलन २०१६ को समुद्घाटन गर्नुभयो । सो सम्मेलनमा समुद्घाटन मन्तव्य दिनु हुँदै प्रमुख अतिथि गभर्नर डा. नेपालले बैंकिङ व्यवसायमा स्वभावतः जोखिम रहने भएकोले व्यवस्थापनका लागि सजगता आवश्यक रहेको उल्लेख गर्नुभयो ।



गभर्नर डा. नेपालले जोखिम व्यवस्थापन कार्य दिनानुदिन जटिल बन्दै गएको कुरा उक्त सम्मेलनमा बताउनु भयो । जोखिम व्यवस्थापनका चुनौतीहरुलाई अत्याधुनिक सूचना र प्रविधिको प्रयोग मार्फत न्यूनीकरण गर्न सकिने जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेप परिचालन हुने भएकोले सोको रक्षाका लागि समेत बैंकिङ व्यवसायमा जोखिम व्यवस्थापन अपरिहार्य रहेको औंल्याउनु भयो ।




विश्वको कुनै एक क्षेत्रमा घटित घटनाले तुरुन्तै विश्वभरि नै प्रभाव पार्ने उदाहरण गभर्नर डा. नेपालले प्रस्तुत गर्नुभयो । समय समयमा दबाव परीक्षण गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउने, जोखिम प्रोफाइल खडा गर्ने, जोखिमसँग सम्बन्धित तालिम, कार्यशाला, गोष्ठी आदि गर्ने गरिएमा बैंकिङ व्यवसाय थप मजबुत हुने उहाँले बताउनु भयो । बैंकिङ क्षेत्रमा जोखिम व्यवस्थापनको महत्व दर्शाउँदै उहाँले नेपाल राष्ट्र बैंकले जारी गरेका मार्गदर्शन तथा निर्देशिकाहरुको पालनामा जोड दिनुभयो ।

सो एक दिने सम्मेलनमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु लगायत अर्थ ⁄ वित्त क्षेत्रसँग सम्बद्ध विज्ञहरुको उपस्थिति थियो ।

## गभर्नर डा. नेपालद्वारा बैंक शाखा उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख १९ गते ग्लोबल आइएमई बैंक लिमिटेडको दमौली शाखाको उद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले बैंकको शाखा विस्तार हुनु लगानी र बचतको अवसर हो भन्नु हुँदै सर्वसाधारणलाई सोको उपयोग गर्न आग्रह गर्नुभयो ।



सो कार्यक्रममा पुँजी अभावका कारण आफ्नो व्यवसाय विस्तार गर्न नसकेका व्यवसायी तथा जनताहरूलाई बैंक शाखा विस्तारले अवसर प्रदान गर्ने, त्यसबाट स्थानीय क्षेत्रमा रोजगारी सिर्जना हुने र वैदेशिक रोजगारीको निर्भरतामा कमी आउने कुरा गभर्नर डा. नेपालले बताउनु भयो । गतवर्ष गएको भूकम्प र मुलुकको दक्षिणी सीमानामा उत्पन्न असहज परिस्थितिका कारण अर्थतन्त्रमा परेको प्रभावलाई मनन् गरी वित्तीय संस्थाहरूले उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्ने सम्बन्धमा उहाँले जोड दिनुभयो ।

गभर्नर डा. नेपालले आयातित वस्तुलाई स्वदेशी उत्पादनले विस्थापित गर्नेतर्फ सबै लाग्नु पर्ने उल्लेख गर्दै आयातित वस्तुको प्रयोगमा भन्दा स्वदेशमा नै उत्पादित वस्तुहरू प्रयोग गरी आत्मनिर्भर बन्नेतर्फ लाग्नु पर्ने कुरा बताउनु भयो । उहाँले पछिल्लो समय अर्थतन्त्रमा केही सुधारका संकेत देखिएको जानकारी दिँदै आर्थिक विकासका लागि स्थानीय स्तरमा पर्यटन उद्योगको विकास गर्नु पर्ने र कृषिप्रधान देश भएकोले कृषिमा आश्रित जनताको मनोबल बढाउन बैंक तथा वित्तीय संस्थाले कृषिमा लगानी बढाउनु पर्ने बताउनु भयो ।

कार्यक्रममा स्थानीय उद्योग वाणिज्य महासंघका प्रतिनिधि, विभिन्न राजनैतिक दलका नेताहरू, सुरक्षा निकायका प्रमुख, पत्रकारहरू, स्थानीय प्रबुद्ध व्यक्तिहरू तथा व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

## गभर्नर डा. चिरंजीबि नेपालद्वारा संयुक्त कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख १३ गते बुटवलमा आयोजित एक समारोहमा मेगा बैंक नेपाल लिमिटेडमा पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लिमिटेड गाभिएर कायम भएको संस्था मेगा बैंक नेपाल लिमिटेडको संयुक्त कारोवार प्रारम्भको समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको आर्थिक गतिविधिहरुले गति लिन थालेको बताउनु भयो । उहाँले बैंकहरु एकापसमा गाभिएर ठुला संस्था बन्नु र संयुक्त कारोबार शुरु हुनु देशको अर्थतन्त्रका लागि फाइदाजनक हुने विचार व्यक्त गर्नुभयो । अर्थतन्त्रमा बैंकहरुको भूमिका पुँजी एकीकृत गर्ने तथा मध्यस्थकर्ताको रुपमा लगानीकर्तामा पुँजी प्रवाह गर्ने भएकोले बैंकहरु नाफा केन्द्रित मात्र हुन नहुने कुरामा प्रकाश पार्दै उहाँले उत्पादनशील क्षेत्रमा लगानी गर्न जोड दिनुभयो । साथै, लगानीकर्ताहरुलाई सहयोग गरी देशको समग्र आर्थिक विकासका लागि योगदान पुऱ्याउने कार्यमा सहयोग गर्न पनि अनुरोध गर्नुभयो ।

सोही क्रममा गभर्नर डा. नेपालले बैंकले संस्थागत सुशासनमा ध्यान पुऱ्याउनु जरुरी रहेको भन्नु हुँदै नयाँ लगानीमूलक क्षेत्रहरुको पहिचान गर्न अनुसन्धान तथा विकासको प्रक्रियालाई पनि उत्तिकै महत्व दिनुपर्ने विचार व्यक्त गर्नुभयो । उद्घाटन कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्थाका उच्चपदाधिकारीहरू/प्रतिनिधिहरू र स्थानीय उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

## सञ्चालक सिं अमेरिकामा



सञ्चालक समितिका सदस्य बालकृष्णमान सिं अप्रिल १८–१९ मा The World Bank ले Washington D.C., USA मा आयोजना गरेको Executive Forum for Policy-Makers and Senior Officials मा सहभागी हुनुभयो ।

## अनुमतिपत्र रद्द

वित्तीय मध्यस्थताको काम गर्ने अनुमति प्राप्त गैरसरकारी संस्थाहरु क्रमशः श्री ग्रामीण जागरण मञ्च, महेन्द्रपथ, वाग्लुङ र श्री आदर्श युवा क्लव, भक्तपुरको वित्तीय मध्यस्थताको काम गर्ने अनुमतिपत्र वित्तीय मध्यस्थताको काम गर्ने सम्बन्धी ऐन, २०५५ को दफा ७ को उप-दफा (२) बमोजिम स्वतः रद्द भएको व्यहोरा बैक तथा वित्तीय संस्था नियमन विभागले जनाएको छ ।

# गभर्नर डा. नेपालबाट AML/CFT कार्यक्रमलाई सम्बोधन



गभर्नर डा. चिरंजीबि नेपालले वैशाख २१ गते वित्तीय जानकारी एकाइद्वारा काठमाडौंमा आयोजना गरिएको AML/CFT Program on Nepal's Overall Status सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्नुभयो । सो सम्बोधनमा उहाँले नेपाललाई AML/CFT को कार्यान्वयनमा सशक्त राष्ट्र बनाउनका लागि IMF ले गरेको सहयोगको सराहना गर्नु हुँदै आगामी दिनहरुमा पनि सहयोगको निरन्तरताको अपेक्षा गर्नुभयो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो भने डेपुटी गभर्नर शिवराज श्रेष्ठले Overview of Nepalese Progress on AML/CFT & Moderation विषयमा प्रस्तुति दिनु भएको थियो । वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्टले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, IMF, World Bank, कूटनीतिक नियोग, नेपाल सरकार, नेपाल प्रहरी, बैंकर आदिका साथै वित्तीय क्षेत्रमा कार्यरत नियामक निकाय र सम्बद्ध संस्थाका उच्च पदस्थ अधिकारीहरुको सहभागिता रहेको थियो ।

# गुनासो व्यवस्थापन समितिको बैठक सम्पन्न

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको संयोजकत्व र डेपुटी गभर्नर शिवराज श्रेष्ठको उपस्थितिमा वैशाख ९ गते बैंक तथा वित्तीय संस्था नियमन विभागको आयोजनामा गुनासो व्यवस्थापन समितिको बैठक बस्यो । गुनासो सुनुवाई र व्यवस्थापन सम्बन्धमा डेपुटी गभर्नरद्वय शिवाकोटी तथा श्रेष्ठको यो पहिलो बैठक थियो । यो समितिले बैंक तथा ऋणीबीचको कारोबारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइ र व्यवस्थापन गर्ने गर्दछ ।

गुनासो व्यवस्थापन समितिले २०७१ चैत्रदेखि २०७२ फाल्गुन मसान्तसम्ममा पर्न आएका ९१ गुनासा तथा उजुरीहरुमध्ये ३० उपर सुनुवाइ गरिसकेको छ । २५ वटा उजुरीहरुको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग आवश्यक पत्राचार गरेको छ । बाँकी ३६ वटा गुनासो निवेदनहरुको सम्बन्धमा  निवेदक तथा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आपसी सहमतिमा सम्बोधन गर्नहुन भनी लेखी पठाएको छ ।



समितिसमक्ष विशेष गरी कर्जाको समयावधि थप गर्ने, कर्जामा नियम विपरित असुल गरेका व्याज तथा शुल्क सम्बन्धमा पुनर्विचार, धितोमा राखिएको सम्पत्ति प्रकृया नपुर्‍याई लिलाम गरिएको, तेस्रो पक्ष धितोमा अर्कै व्यक्तिले कर्जा अपचलन गरेको विषय तथा नियम विपरीत गर्ने/गराउनेको नाम कालोसूचीमा समावेश गर्ने तथा अनधिकृत तवरले कालोसूचीमा समावेश भएकोहरुको नाम हटाउने आदि विषयमा अत्यधिक आवेदन पर्ने गरेको छ । समितिले यस्ता गुनासोउपर उजुरीकर्ता र साहु बैंक तथा वित्तीय संस्था दुवै पक्षलाई संयुक्तरुपमा समितिको बैठकमा उपस्थित गराई दुवै पक्षको कुरा सुनी समितिले सर्वसम्मतिमा आवश्यक निर्णय लिने गरेको छ ।

बैंक तथा ऋणीबीचको कारोबारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि गुनासो सुनुवाई समितिको गठन गर्ने नेपाल सरकार (म.प.) को मिति २०६३।०८।२९ को निर्णयानुसार केन्द्रीयस्तरमा डेपुटी गभर्नरको संयोजकत्वमा समिति गठन गरी अर्का डेपुटी गभर्नर, बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकहरु, अर्थ मन्त्रालयका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत प्रतिनिधि, नेपाल बैकर्स संघको अध्यक्ष सदस्य रहने तथा कानुन महाशाखाका निर्देशक तथा नियमन विभागका सम्बन्धित डेस्कका निर्देशकहरु आमन्त्रित सदस्य रहने र उद्योग वाणिज्य महासंघका अध्यक्ष वा निजले तोकेका प्रतिनिधि पर्यवेक्षक रहने व्यवस्था छ ।

सर्वसाधारणको सुविधाको लागि मन्त्रीस्तरको सोही निर्णयानुसार उपत्यकाका बाहिरका विराटनगर, वीरगञ्ज, जनकपुर, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज, धनगढीस्थित कार्यालयका कार्यालय प्रमुख (निर्देशक) को  संयोजकत्वमा उद्योग वाणिज्य संघको स्थानीय प्रतिनिधि, नेपाल बैंक वा राष्ट्रिय वाणिज्य बैंकका क्षेत्रीय प्रबन्धक र यस बैंकको सम्बन्धित कार्यालयका वरिष्ठ उपनिर्देशक सदस्य सचिव रहने गरी गुनासो सुनुवाई र केन्द्रीयस्तरमा रिर्पोटिङ गर्नको लागि स्थानीयस्तरमा गुनासो सुनुवाई उपसमितिको पनि व्यवस्था रहेको छ ।

गुनासो सुनुवाई समितिको यस प्रकारको व्यवस्थाबाट बैंक र ऋणीवीच उत्पन्न समस्यालाई समोचित तवरले समाधान गर्न सघाउ पुग्नुको साथै, बैंकिङ एवम् वित्तीय क्षेत्रमा कर्जा सम्बन्धमा देखिएका समस्यालाई न्यूनीकरण गर्नमा समेत सघाउ पुगी संस्थागत सुशासनको पालना र वित्तीय क्षेत्र स्थायित्वमा सकारात्मक टेवा पुग्न गएको छ ।

# डेपुटी गभर्नर शिवाकोटी विराटनगर क्षेत्रका विभिन्न कार्यक्रममा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले वैशाख २१ गतेदेखि २३ गतेसम्म विराटनगर क्षेत्रको भ्रमण गर्नुभयो । उक्त भ्रमणका क्रममा उहाँ विभिन्न कार्यक्रमहरुमा सरिक हुनुभयो ।

बैशाख २१ गते डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयको अवलोकन गर्नुभयो । उहाँले विराटनगर कार्यालयका सबै फाँटहरुको कार्यपद्धतिको जानकारी लिनुका साथै सोही दिन बैंकले आयोजना गरेको स्वागत कार्यक्रममा सरिक हुनुभयो । स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंकका गतिविधि, पछिल्ला घटनाक्रम, कर्मचारी संघहरुका मागहरुको संबोधन, राष्ट्रको आवश्यकता र आर्थिक परिवेशका बारेमा प्रकाश पार्नुभयो । उहाँले नेपाल राष्ट्र बैंकको भूमिका वित्तीय स्थायित्व र समग्र अर्थतन्त्रलाई दिशानिर्देश गर्ने कार्यमा महत्वपूर्ण हुने कुरा पनि बताउनु भयो ।



सो कार्यक्रममा निर्देशक रामु पौडेलले विराटनगर कार्यालयका काम कारवाहीहरु बारे प्रकाश पार्नु भएको थियो भने उपनिर्देशक तुलसीप्रसाद घिमिरेका साथै विराटनगर कार्यालयका वित्तीय संस्था कर्मचारी संघका ध्रुव पोखरेल र कर्मचारी संघका तारानाथ दाहाल लगायतले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रममा विराटनगर कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

डेपुटी गभर्नर शिवाकोटी वैशाख २२ गते गोष्टराइटिङ नेपालले मारवाडी सेवा समाज विराटनगरमा आयोजना गरेको एकल कविता वाचन कार्यक्रममा कविका रुपमा सहभागी हुनुभयो र आफैंले रचना गर्नु भएका एक दर्जन कविता तथा गीतको वाचन गर्नुभयो । विभिन्न कविहरुले समेत समेत उहाँका रचनाहरु पाठ गर्नुभयो । सो कार्यक्रममा झोराहाट नाट्य समूहद्वारा कवि शिवाकोटी रचित एक कवितामा नाट्य मञ्चन पनि भएको थियो । सोही दिन उहाँ विराटनगर कार्यालयले आयोजना गरेको समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि विषयक अन्तरक्रिया कार्यक्रमको आतिथ्यता गर्नुभयो । उक्त अन्तरक्रिया कार्यक्रममा उहाँले अन्तरक्रियाका क्रममा उठेका विविध विषयहरुको संबोधन गर्दै नेपालको आर्थिक विकासले आगामी दिनमा तीव्र गति लिने धारणा राख्नुभयो र यसका लागि नेपाल राष्ट्र बैंकले खेल्नुपर्ने भूमिका अझै परिस्कृत हुने कुरामा विस्वस्त रहन सबैमा आग्रह गर्नुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले आर्थिक गतिविधि र बैंकिङ परिवेश समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उपनिर्देशक तुलसीप्रसाद घिमिरेले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने ध्रुव पोखरेलले स्वागत मन्तव्य दिनु भएको थियो । उद्यमी / व्यवसायी, राजनीतिज्ञ, बैंककर्मी, प्राध्यापकहरु आदि सहभागी रहेको सो अन्तरक्रिया कार्यक्रमका अर्थतन्त्रका विविध आयामहरुका सम्बन्धमा छलफल भएको थियो ।



डेपुटी गभर्नर शिवाकोटीले बैशाख २३ गते मोरङको डायनियाँ गा. वि. स. मा NCC बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुसहर जनजातीलाई लक्षित गरी स्वच्छ खानेपानीका लागि जडान गरिएका ११० थान ट्युववेल धारा जडान कार्यको समुद्घाटन गर्नुभयो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, विराटनगर कार्यालयका निर्देशक रामु पौडेल, सहायक निर्देशक प्रेमप्रसाद आचार्य, NCC बैंकका कर्मचारीहरु लगायत स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

**बढुवा**

प्रशासन सेवातर्फ रिक्त रहेको उपनिर्देशक (अधिकृत द्वितीय) पद संख्या १३ मूल्यांकन बढुवाद्वारा पूर्ति गरिएको छ ।

सहायक निर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका दिवाकर पोखरेल, राजेन्द्र पौडेल र पूर्णबहादुर महर्जन, बैंक सुपरिवेक्षण विभागका प्रद्युम्नकुमार खनाल र बाबुराम आचार्य, मुद्रा व्यवस्थापन विभागका विष्णुप्रसाद खनाल र शशिधर अर्याल मूल्यांकन बढुवाद्वारा उपनिर्देशक (अधिकृत द्वितीय) हुनु भएको छ ।

यसैगरी, सहायक निर्देशकहरु वित्तीय जानकारी एकाइका दीपककुमार उप्रेती, बैंकिङ कार्यालयका चन्देश्वर श्रेष्ठ, विदेशी विनिमय व्यवस्थापन विभागका जितबहादुर महरा, राष्ट्र ऋण व्यवस्थापन विभागका प्रभामैयाँ न्यौपाने (खनाल), बैंक तथा वित्तीय संस्था नियमन विभागका दिनेशरत्न स्थापित र टक्सार महाशाखाका सुदर्शन ढुंगाना पनि उपनिर्देशक पदमा बढुवा हुनु भएको छ ।

बढुवा हुनु भएका सबैलाई समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

**सरुवा**

सहायकद्वय धनगढी कार्यालयका तुलसा ओझा र वीरगञ्ज कार्यालयका निरजकुमार दाहालको बैंकिङ कार्यालयमा सरुवा भएको छ ।

बैंकिङ कार्यालयका प्रधान चालक मेषबहादुर पाखिनको वीरगञ्ज कार्यालयमा सरुवा (कामकाज) भएको छ । यसैगरी, वीरगञ्ज कार्यालयका उपप्रधान चालक कृष्ण नकर्मीको बैंकिङ कार्यालयमा र धनगढी कार्यालयका उपप्रधान चालक चन्द्रबहादुर चन्द तथा अनुसन्धान विभागका नायब सञ्चार चालक मुकुन्द नेपालको सामान्य सेवा विभागमा सरुवा (कामकाज) भएको छ ।

**अवकाश/राजीनामा**

भुक्तानी तथा फछ्र्यौट विभागका कार्यकारी निर्देशक महेश भट्टराईले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँले ५८ वर्षको उमेर अवधिसम्म मात्र बैंक सेवामा रहन सकिने विनियमावलीका कारण अवकाश पाउनु भएको हो । बैंकिङ कार्यालयका सहायक निर्देशक शान्ता भट्टराई पनि सोही कारण बैंक सेवाबाट अवकाश हुनु भएको छ ।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक विद्याभुषण कार्कीले बैंक सेवाबाट दिनु भएको राजीनामा स्वीकृत भएको छ ।

# बैंकको ६१ औ वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव काठमाडौंस्थित कार्यालयहरु लगायत उपत्यका बाहिरका सबै कार्यालयहरुमा विभिन्न कार्यक्रमहरु आयाजना गरी मनाइयो ।

सो अवसरमा काठमाडौंमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता, ब्याडमिण्टन प्रतियोगिता, बाल चित्रकला प्रतियोगिता र रक्तदान लगायतका कार्यक्रमहरु सम्पन्न भए । यसरी आयोजित कार्यक्रमहरु र त्यसका विजेताहरु यसप्रकार रहेका छन्-

**मैत्रीपूर्ण फुटबल प्रतियोगिता**

वैशाख ११ गते मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भयो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी (टिम ए) र डेपुटी गभर्नर शिबराज श्रेष्ठ (टिम बी) बीच भएको सो रोमाञ्चक खेल निर्धारित समयमा ३-३ गोलको बराबरी भई टाइब्रेकरमा पुगे पछि टिम ए एकका विरुद्ध तीन गोल गर्दै विजयी भयो ।

**रक्तदान कार्यक्रम**

बैंकको ६१ औं वार्षिकोत्सवको अवसरमा वैशाख ९ गते थापाथलीमा र वैशाख १३



गते बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो । उक्त रक्तदान कार्यक्रममा बैंकका कर्मचारीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**ब्याडमिण्टन प्रतियोगिता**

ब्याडमिण्टन प्रतियोगिता वैशाख ८ गते सुरु भई वैशाख १२ गते सम्पन्न भयो । पुरुष एकल, महिला एकल, एक्जुकेटिभ एकल, पुरुष डबल, मिश्रित डबल र भेट्रान डबल गरी ६ समूहमा खेलाइएको सो खेलमा पुरुष एकलतर्फ धनबहादुर तामाङ प्रथम, कालु तामाङ द्वितीय र सुमनराज डंगोल तथा रेशमबहादुर बल्छौडी तृतीय हुनु भयो भने महिला एकलतर्फ बिमलाकुमारी लुईंटेल प्रथम, नीरा ताल्चाभडेल द्वितीय र पुनिता मण्डल तथा सरिता अधिकारी तृतीय हुनु भयो । एक्जुकेटिभ एकलतर्फ शिवनाथ पाण्डे प्रथम, रमण नेपाल द्वितीय तथा डा. विनोद आत्रेय र तेजबहादुर राना तृतीय हुनु भयो। ब्याडमिण्टनकै पुरुष डबलतर्फ धनबहादुर तामाङ र कालु तामाङको जोडी प्रथम, रेशमबहादुर बल्छौडी र सिंहमान महर्जनको जोडी द्वितीय, पदमराज जोशी र सुमन डंगोल तथा राजिव रेग्मी र झंकनाथ ढकालको जोडी तृतीय भयो भने मिश्रित डबलतर्फ रेशमबहादुर बल्छौडी र बिमलाकुमारी लुईंटेलको समूह प्रथम, धनबहादुर तामाङ र निरा ताल्चाभडेलको समूह द्वितीय, राजनकृष्ण पन्त र पुनिता मण्डल तथा शिवनाथ पाण्डे र अम्बिका नेपालको समूह तृतीय भयो। यसै गरी भेट्रान डबलतर्फ सिंहमान महर्जन र मदनकुमार श्रेष्ठको जोडी प्रथम, शिवनाथ पाण्डे र रमण नेपालको जोडी द्वितीय, कालीमान वली र देवबहादुर बाठा मगर तथा गणेश थापा मगर र जिवनसिं थापाको जोडी तृतीय भयो ।

**बाल चित्रकला प्रतियोगिता**

विगतका वर्षहरुमा झैं यस वर्ष पनि बैंकको वार्षिकोत्सवका कार्यक्रममा बाल चित्रकला प्रतियोगिता समावेश गरिएको थियो । सहभागीहरुलाई ४ समूहमा विभाजन गरी आयोजना गरिएको सो प्रतियोगितामा नर्सरीदेखि कक्षा १ सम्मको समूहमा आइसा सुनुवार (अभिभावक- अशोककुमार सुनुवार) प्रथम, यारा श्रेष्ठ (अभिभावक- निभा श्रेष्ठ) द्वितीय र आर्नभमान श्रेष्ठ (अभिभावक- सुबोधमान श्रेष्ठ) तृतीय हुनु भयो । आदित्य रावल (अभिभावक- दीर्घबहादुर रावल) तथा अनुजा कोइराला (अभिभावक- बाबुराम कोइराला) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा २ देखि कक्षा ४ सम्मको समूहमा प्रणय लामा (अभिभावक- पार्वती लामा) प्रथम, स्नेहा तिम्सिना (अभिभावक- रुद्रप्रसाद तिम्सिना) द्वितीय र मनस्लु रावल (अभिभावक- दीर्घबहादुर रावल) तृतीय हुनुभयो । चेतना शर्मा (अभिभावक- तेजनारायण ठाकुर) र प्रसुन के.सी. (अभिभावक- कृष्ण के. सी.) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा ५ देखि कक्षा ७ सम्मको समूहमा सुजल पाण्डे (अभिभावक- यज्ञप्रसाद पाण्डे) प्रथम, श्रेया तिमिल्सिना (अभिभावक- साधुराम तिमिल्सिना) द्वितीय र स्वीकृति पोखरेल (अभिभावक- मिनप्रसाद पोखरेल) तृतीय हुनु भयो । सायुध पंगेनी (अभिभावक- दयाराम शर्मा पंगेनी) र रुचिरा भट्टराई (अभिभावक- राजेन्द्र भट्टराई)ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा ८ देखि कक्षा १० सम्मको समूहमा साइमा तामाङ (अभिभावक- कालु तामाङ) प्रथम, शास्वत सेंढाई (अभिभावक- रामकृष्ण सेंढाई) द्वितीय र कृतिका गुरागाईं (अभिभावक- तुलसीराम गुरागाईं) तृतीय हुनुभयो । राजेन्द्र पंगेनी (अभिभावक- गेदा पंगेनी) र सुप्रिया पोखरेल (अभिभावक- टेकनाथ पोखरेल)ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

**विराटनगर कार्यालय**

नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सवका अवसरमा विराटनगर कार्यालयमा बैशाख १४ गते भव्य वार्षिकोत्सव समारोहको आयोजना गरियो ।

बैंकका का. मु. निर्देशक तुलसीप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा का.मु. निर्देशक घिमिरेले समसामयिक आर्थिक गतिविधि, समष्टिगत आर्थिक स्थिति तथा पूर्वाञ्चल क्षेत्रमा भइरहेका विभिन्न आर्थिक क्रियाकलापको सन्दर्भमा सङ्क्षिप्त कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रमुख अतिथि तोयम राया (प्रमुख जिल्ला अधिकारी-मोरङ) ले बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना व्यक्त गर्दै नेपाल राष्ट्र बैंकको कार्यमा सन्तुष्टि प्रकट गर्नुभयो। बैंकमा कार्यरत युनियनहरुका अध्यक्षहरुले पनि उक्त अवसरमा शुभकामना मन्तव्य दिनुभयो ।

त्यसै अवसरमा वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न खेलकुदका विजयीहरुलाई पुरस्कारका साथै रक्तदान गर्ने २९ जना दाताहरुलाई प्रमाणपत्र तथा उपहार वितरण गरिएको थियो। समारोहमा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, विश्वविद्यालयका प्राध्यापकहरु, उद्योग संगठन मोरङ तथा मोरङ व्यापार संघका प्रतिनिधिहरु, नेपाली सेना तथा नेपाल प्रहरीका जिल्ला प्रमुखहरु तथा पत्रकार र टेलिभिजन सम्बद्ध पत्रकारहरुको उपस्थिति रहेको थियो ।

क्रमशः ८ पेजमा



कार्यक्रम सहायक निर्देशक शंकर वस्तीले सञ्चालन गर्नुभएको थियो ।

विराटनगर कार्यालयले वार्षिकोत्सवको उपलक्ष्यमा अन्तरबैंक हाजिरी जवाफ प्रतियोगिता, ब्याडमिन्टन, टेबुलटेनिस, म्युजिकल चेयर र घैलाफोड प्रतियोगिता आयोजना गरेको थियो । अन्तरबैंक हाजिरी जवाफ प्रतियोगितामा नेपाल राष्ट्र बैंक, विराटनगर प्रथम, कृषि विकास बैंक, विराटनगर द्वितीय र एसबिआइ बैंक, विराटनगर तृतीय भएका थिए ।

बैंकमा कार्यरत कर्मचारीबीच आयोजित ब्याडमिन्टन प्रतियोगितामा पुरुष सिंगलतर्फ प्रथम स्थानमा सहायक रगेन्द्र साम्बा, द्वितीयमा उपनिर्देशक तुलसीप्रसाद घिमिरे तथा तृत्तीय स्थानमा सहायक पुर्णबहादुर कार्की विजयी हुनु भएको थियो । ब्याडमिन्टनकै पुरुष डबलतर्फ क्रमश : सहायक रगेन्द्र साम्बा र रमेश निरौलाको समूह प्रथम, उपनिर्देशक तुलसीप्रसाद घिमिरे र सहायक पुर्णबहादुर कार्कीको समूह द्वितीय र सहायक निर्देशक तारानाथ दाहाल र सहायक झलेन्द्र पोखेलको समूह तृतीय भएको थियो । त्यसै गरी, ब्याडमिन्टनकै महिला सिंगलतर्फ सहायक निर्देशक रजनी श्रेष्ठ प्रथम, सहायक निर्देशक कल्पना भट्टराई द्वितीय र सहायक निर्देशक रेनुका बन तृतीय स्थानमा विजयी हुनु भएको थियो ।

टेबुलटेनिस प्रतियोगिता अन्तर्गत पुरुषतर्फ प्रथम स्थानमा सहायक मोहनकुमार योङहाङ, द्वितीयमा सहायक रगेन्द्र साम्बा तथा तृतीय स्थानमा सहायक असोक रेग्मी विजयी हुनु भएको थियो । टेबुलटेनिस महिलातर्फ सहायक निर्देशक रजनी श्रेष्ठ, सहायक निर्देशक कल्पना भट्टराई र सहायक निर्देशक रेनुका बनले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नु भएको थियो ।

त्यसैगरी, म्युजिकल चेयर प्रतियोगितामा प्रधान सहायक राधिका गुरागाईं प्रथम, सहायक सम्झना अधिकारी द्वितीय र सहायक निर्देशक रजनी श्रेष्ठ तृतीय हुनु भएको थियो । सोही अवसरमा आयोजित घैलाफोड प्रतियोगितामा पुरुषतर्फ सहायक उज्वल ढुंगाना र महिलातर्फ सहायक निर्देशक बिना ढकाल विजयी हुनु भएको थियो ।

वार्षिकोत्सवको अवसरमा कर्मचारी सन्ततिबीच हिसाब दौड र बाल चित्रकला प्रतियोगिता पनि सञ्चालन गरिएको थियो । उक्त हिसाब दौडमा समूह क (कक्षा ४–८) तर्फ सहायक निर्देशक अच्युतकुमार थापाका पुत्र अवनिश थापा (कक्षा ६) प्रथम, सहायक मोहनकुमार योङहाङका पुत्र निसेन योङहाङ (कक्षा ६) द्वितीय, सहायक निर्देशक खिलबहादुर श्रेष्ठका पुत्र निश्चल श्रेष्ठ (कक्षा ८) तृतीय तथा सहायक निर्देशक बिना ढकालकी पुत्री आध्या शर्मा (कक्षा ४) चतुर्थ हुनु भएको थियो । हिसाब दौडमा समूह ख (कक्षा नर्सरी–२) तर्फ सहायक निर्देशक बिना ढकालकी पुत्री आस्था शर्मा (नर्सरी), प्रधान सहायक सञ्जेब राईका पुत्र निवाहाङ राई (नर्सरी) र उपनिर्देशक सृजना बास्तोलाका पुत्र श्रेयांश काफ्ले (नर्सरी) क्रमशः प्रथम, द्वितीय र तृतीय हुनु भएको थियो ।

त्यस्तै, कर्मचारी सन्ततिबीच आयोजित बाल चित्रकला प्रतियोगितामा समूह क (कक्षा ४–८) तर्फ सहायक निर्देशक बिना ढकालकी पुत्री आध्या शर्मा (कक्षा ४), सहायक निर्देशक खिलबहादुर श्रेष्ठका पुत्र निश्चल श्रेष्ठ (कक्षा ८), सहायक निर्देशक अच्युतकुमार थापाका पुत्र अवनिश थापा (कक्षा ६) र सहायक मोहनकुमार योङहाङका पुत्र निसेन योङहाङ (कक्षा ६) क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुनु भएको थियो । यस प्रतियोगिताको समूह ख (कक्षा नर्सरी–२) तर्फ प्रधान सहायक सञ्जेब राईका पुत्र निवाहाङ राई (नर्सरी) प्रथम, सहायक निर्देशक बिना ढकालकी पुत्री आस्था शर्मा (नर्सरी) द्वितीय र उपनिर्देशक सृजना बास्तोलाका पुत्र श्रेयांश काफ्ले (नर्सरी) तृतीय भएका थिए ।

यसैक्रममा, बैंकका पूर्व कर्मचारीबीच म्युजिकल चेयर प्रतियोगिता र कार्यालयमा रहेका नेपाली सेनाको टोली र बैंकको टोलीबीच मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिता पनि सम्पन्न गरिएको थियो ।

**जनकपुर कार्यालय**

जनकपुर कार्यालयले सप्ताहव्यापी कार्यक्रमहरु संचालन गर्दै नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव मनायो । सो अवसरमा ब्याडमिन्टन, हाजिरीजवाफ, म्युजिकल चेयर्स, घैला फोड र नोट गिन्ती प्रतियोगिता आयोजना गरिनुका साथै पूर्व कर्मचारी, बैंक सुरक्षाकर्मी तथा बैंक कर्मचारीहरुबाट रक्तदान पनि गरियो । विभिन्न खेलका विजेताहरुलाई बैशाख १४ गतेको वार्षिकोत्सव समारोहमा नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो भने रक्तदान गर्ने दाताहरुलाई उपहार सहित प्रमाणपत्र प्रदान गरियो ।

सो समारोहको सभापतिका रुपमा मन्तव्य राख्दै जनकपुर कार्यालयका निर्देशक मुकुन्द महतले संस्थाको गरिमालाई उजागर गर्दै प्रत्येक कर्मचारीले संस्थाप्रतिको दायित्व र आफूले पालना गर्नु पर्ने अनुशासनलाई कहिल्यै भूल्न नहुने बताउनु भएको थियो । उपनिर्देशक चन्द्रकुमार श्रेष्ठ तथा प्रधान सहायक शिवनारायाण झाले गीत तथा कविता वाचन गरी समारोहलाई संगीतमय बनाउनु भएको थियो । बैंकका पूर्व कर्मचारीहरु, कर्मचारीहरु लगायत विभिन्न कार्यालयका प्रतिनिधिहरु सम्मिलित सो समारोहको सञ्चालन सहायक निर्देशक चन्द्रमणि निरौलाले गर्नु भएको थियो ।

बार्षिकोत्सवको उपलक्ष्यमा आयोजित खेलहरुमा ब्याडमिन्टनतर्फ सियाराम चौधरी तथा सौनभ श्रेष्ठको जोडी प्रथम, चन्द्रकुमार श्रेष्ठ तथा सचिन पियाको जोडी द्वितीय र चन्द्रमणि निरौला तथा रितबहादुर अधिकारीको जोडी तृतीय भएको थियो । हाजिरीजवाफतर्फ रामप्रमोद साह, सुमन मैनाली र अमृता पौडेलको समूहले प्रथम स्थान हासिल गरेको थियो भने गोपालबहादुर बुढाथोकी, किशोरी मण्डल र सुरेश रेग्मीको समूहले द्वितीय तथा रुवी साह, सियाराम यादव र देवकान्त मण्डलको समूहले तृतीय स्थान हासिल गरेको थियो । घैडा फोडतर्फ सुरेश रेग्मी, पुष्पराज सुवेदी र समिता श्रेष्ठले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । त्यस्तै नोट गिन्तीमा सुरेश रेग्मी, गोपालबहादुर बुढाथोकी र शिवशंकर झाले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नुभयो । म्युजिकल

क्रमशः ९ पेजमा

चेयर्सतर्फ प्रकाश पोखेल प्रथम, गोपालबहादुर बुढाथोकी द्वितीय र रुवी साह तृतीय हुनुभयो । रक्तदान कार्यक्रममा १५ जना दाताहरुले आफ्नो अमूल्य रगत दिएर मानवधर्मको पहिचान दिनुभयो ।

**वीरगञ्ज कार्यालय**

नेपाल राष्ट्र बैंक स्थापनाको ६१ औं वार्षिकोत्सवको वीरगञ्ज कार्यालयमा विभिन्न रचनात्मक तथा प्रतियोगितात्मक क्रियाकलापहरु संचालन गरी मनाइयो ।

ती क्रियाकलापहरुमा सहभागी भई विजयी हुने तथा सहयोग गर्ने कर्मचारी तथा



महानुभावहरुलाई वैशाख १४ गते वार्षिकोत्सव समारोह आयोजना गरी पुरस्कार, प्रमाणपत्र तथा मायाको चिनो अर्पण गरियो । वीरगञ्जमा रहेका बैंक तथा वित्तीय संस्थाहरु वीच गत वर्ष आयोजना गरिएको अन्तर बैंक सुपर सिक्स क्रिकेट प्रतियोगिताका विजेता तथा उप विजेता टिमलाई पनि उक्त समारोहमा ट्रफी तथा प्रमाणपत्र प्रदान गरियो ।

उक्त समारोहको प्रमुख आतिथ्यता ग्रहण गर्दै वीरगञ्ज कार्यालयका निर्देशक धनन्जय शर्माले नेपाल राष्ट्र बैंकका सामु वित्तीय क्षेत्र स्थायित्व, तरलता व्यवस्थापन, बाह्य क्षेत्र स्थायित्व, मूल्य स्थिरता जस्ता गम्भीर चुनौतीहरु रहेकाले सोको सामना गर्न कर्मचारीहरुलाई गम्भीरतापूर्वक जिम्मेवार रही कार्य गर्न आग्रह गर्नुभयो । अतिरिक्त क्रियाकलाप समितिका संयोजक तथा कार्यालयका का.मु. उपनिर्देशक शिवप्रसाद घिमिरेले उपस्थित अतिथि तथा कर्मचारी वर्गमा धन्यवाद ज्ञापन गर्नभयो ।

६१ औं वार्षिकोत्सव मनाउन वीरगञ्जमा अतिरिक्त क्रियाकलाप समितिको संयोजनमा कर्मचारीहरु बीच व्याडमिण्टन (सिंगल / डबल / लेडिज), टबुलटेनिस, हाजिरीजवाफ, बुद्धिचाल, सटपुट, क्यारेमबोर्ड (सिंगल/डवल/सुरक्षा समूह), म्युजिकल चियर्स तथा हाँडी फोर प्रतियोगिताहरु सम्पन्न गरिएको थियो । यसैगरी बैशाख १३ गते रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

**पोखरा कार्यालय**

नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव कार्यक्रमलाई उल्लासका साथ मनाउने सिलसिलामा पोखरामा विभिन्न कार्यक्रमहरुको आयोजना भयो ।

पोखरा कार्यालयले रक्तदान, म्युजिकल चियर र घैंटोफोर कार्यक्रम राखेको थियो । रक्तदान कार्यक्रमको उद्घाटन सो कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंले गर्नु भएको थियो । उद्घाटन मन्तव्यमा उहाँले “रक्तदान जीवनदान, जीवनदान महादान” भन्ने उद्घोष माथि प्रकाश पार्दै रक्तदानबाट अकालमा मृत्युवरण गर्नु पर्ने बिरामीहरुलाई बचाउन सकिने र त्यो बाँचेको व्यक्ति भोलिका दिनमा सिङ्गो समाज, देश र जनताका लागि दिलोज्यान दिएर देश विकासमा अमूल्य योगदान दिने महामानव बन्न सक्ने बताउनु भएको थियो । उहाँले रक्तदानलाई पुण्य कार्य भन्दै यस्ता कार्यहरुको निरन्तरतामा समेत जोड दिनु भएको थियो । उक्त कार्यक्रममा ३५ जनाले रक्तदान गर्नु भएको थियो ।

यसैगरी, पोखरा कार्यालयले नै आयोजना गरेको प्रतियोगितात्मक म्युजिकल चियर तथा घैंटोफोर कार्यक्रम मध्ये म्युजिकल चियरमा पूर्व कर्मचारी नारायणबहादुर बस्नेत प्रथम र पूर्व कर्मचारी बैठकलाल श्रेष्ठ द्वितीय हुनु भएको थियो । घैंटोफोर प्रतियोगितामा भने पोखरा कार्यालयमा सुरक्षार्थ खटिएका सैनिक जवान प्रकाश खनाल क्षेत्री विजयी हुनु भएको थियो ।

पोखरा कार्यालयले आयोजना गरेका उक्त कार्यक्रमहरु मध्ये रक्तदान कार्यक्रमको संयोजन पोखरा कार्यालयका सहायक निर्देशक चेतबहादुर गुरुङले गर्नु भएको थियो भने प्रतियोगितात्मक म्युजिकल चियर तथा घैंटोफोर कार्यक्रमको संयोजन पोखरा शाखाका सहायक निर्देशक खिमबहादुर थापाको गर्नु भएको थियो ।

नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सवको अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, शाखा समिति पोखराले प्रतियोगितात्मक बाघचाल र बुद्धिचाल खेल आयोजना गरेको थियो । जसमध्ये बुद्धिचाल प्रतियोगितामा ऋतुनाथ लम्साल प्रथम र प्रतापराम पराजुली द्वितीय हुनु भएको थियो । बाघचाल प्रतियोगितामा पुस्कर नेपाली (सुर्खाली) प्रथम र रामजीप्रसाद पौडेल द्वितीय हुनु भएको थियो ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सवकै उपलक्ष्यमा नेपाल राष्ट्र बैंक, वित्तीय संस्था कर्मचारी संघ पोखराले पोखरा १८ स्थित बात्सायन वृद्धाश्रमका जेष्ठ नागरिकहरुलाई नगद तथा खाद्यान्न वितरण गरेको थियो ।

वार्षिकोत्सव समारोहको समापन कार्यक्रम पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईंको सभापतित्वमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ६१ औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप समितिका संयोजक एवम् पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारीले आमन्त्रित भूतपूर्व कर्मचारीहरु र अन्य आमन्त्रित



पाहुनाहरुलाई स्वागत गर्नु भएको थियो । सोही कार्यक्रममा बैंक सेवामा ३० वर्ष व्यतित गरी पोखरा कार्यालयवाट अनिवार्य अवकाश प्राप्त १२ जना पूर्व अधिकृत तथा कर्मचारीहरुलाई सम्फनोपहार प्रदान गरी अभिनन्दन गरिएको थियो भने रक्तदान गर्नु हुने महानुभावहरुलाई धन्यवाद सहित प्रमाणपत्र वितरण गरिनुका साथै बैंक र कर्मचारी युनियनहरुवाट आयोजित खेलकुद कार्यक्रमका विजेता, उपविजेताहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक ऋतुनाथ लम्सालले गर्नु भएको थियो ।

**सिद्धार्थनगर कार्यालय**

नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव सिद्धार्थनगर कार्यालयले विभिन्न कार्यक्रम गरी मनायो ।

सिद्धार्थनगर कार्यालयमा अन्तरबैंक मैत्रीपूर्ण फुटवल खेल, हण्डीफोर प्रतियोगिता, बाल प्रतियोगिता, टेबलटेनिस प्रतियोगिता तथा

क्रमश: १० पेजमा

हाजिरीजवाफ प्रतियोगिता संचालन गरियो । बैशाख १४ गते वार्षिकोत्सव कार्यक्रम तथा पुरस्कार वितरण समारोह आयोजना गरियो । कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालको सभापतित्वमा सञ्चालन भएको उक्त कार्यक्रममा उपनिर्देशक शरणकुमार अधिकारीले अतिरिक्त क्रियाकलाप समितिले सम्पादन गरेका कार्यक्रमहरुको बारेमा प्रकाश पार्नुभयो । कार्यालयका का.मु.उपनिर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्नुभयो ।

सो कार्यक्रममा कर्मचारी संघ सिद्धार्थनगर समितिका अध्यक्ष शंकरप्रसाद भट्टराई र नेपाल वित्तीय संस्था कर्मचारी संघ, सिद्धार्थनगर शाखा समितिका अध्यक्ष छविलाल घिमिरेले शुभकामना मन्तव्य राख्नु भएको थियो । विभिन्न प्रतियोगिताका संयोजकहरुलाई सम्मानपत्र र विजयीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको सो कार्यक्रमको सञ्चालन सहायक निर्देशक कृष्णप्रसाद शर्माले गर्नु भएको थियो ।

६१ औं वार्षिकोत्सव मनाउने क्रममा आयोजना भएको फुटवल प्रतियोगितामा "क" वर्गको बैंक समूह विजयी भएको थियो । टेबलटेनिस प्रतियोगितामा राजकुमार लामा प्रथम र बृहत श्रेष्ठ द्वितीय हुनु भएको थियो । बाल चित्रकला प्रतियोगितामा सगुन धवल, सम्मान आचार्य, रितिका बर्मा क्रमशः प्रथम, द्वितीय र तृतीय हुनु भएको थियो भने बास्केटबल प्रतियोगितामा प्रविण पोखरेल विजयी हुनु भएको थियो ।

त्यसैगरी, हाजिरीजवाफ प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने शान्तिप्रसाद पाण्डे, शंकर



प्रसाद भट्टराई र पदमराज भुसालको टोली, त्यसैगरी, द्वितीय हुने जीवनप्रकाश पाण्डेय, सुवाषचन्द्र चौधरी र कमलप्रसाद आचार्यको टोलीलाई निर्देशक रेवतीप्रसाद नेपालबाट पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । सोही अवसरमा फुटबल प्रतियोगिता, टेबलटेनिस प्रतियोगिता, हण्डीफोर प्रतियोगिता र हाजिरीजवाफ प्रतियोगिताका संयोजकहरु क्रमशः तिलकबहादुर थिङ, कृष्णप्रसाद भट्टराई, देवराज ज्ञवाली र दीपक गौतमलाई सम्मानपत्र वितरण गरिएको थियो । बैशाख १४ गते साँझ शुभकामना आदानप्रदान तथा जलपान कार्यक्रम आयोजना गरिएको थियो । रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा स्थानीय सुरक्षा निकायका प्रमुखहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, सरकारी कार्यालयका प्रतिनिधीहरु लगायत उद्योग बाणिज्य संघका स्थानीय प्रतिनिधिहरु, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

**धनगढी कार्यालय**

नेपाल राष्ट्र बैंकका पूर्व कर्मचारी, हाल कार्यरत कर्मचारी, विभिन्न प्रतियोगितामा विजयी खेलाडी, बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा शाखा प्रमुखहरु एवम् पत्रकारहरु उपस्थित भई धनगढी कार्यालयमा बैंकको ६१ औं वार्षिकोत्सव समारोह हर्षोल्लासपूर्वक मनाइयो ।

धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले सभापतित्व गर्नु भएको उक्त समारोहको प्रमुख अतिथिमा धनगढी कार्यालयका पुर्व व्यवस्थापक सत्यप्रकाश ओझा हुनुहुन्थ्यो । उहाँहरुले वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताहरुमा विजयी खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुका साथै कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो । निर्देशक थापाले धनगढी क्षेत्रको आर्थिक अवस्था, कार्यालयको विगतदेखि वर्तमानसम्मको अवस्था, भावी रणनीति र बैंकको उपलब्धिका सम्बन्धमा विस्तृत जानकारी गराउनु भएको थियो भने पुर्व व्यवस्थापक ओझाले नेपाल राष्ट्र बैंक जस्तो गरिमामय संस्थाको छवि उच्च राख्न कार्यरत कर्मचारीहरुको योगदान रहने भएकोले सधैं सचेत रहन सुझाव दिनु भएको थियो ।



वार्षिकोत्सव भव्य रुपमा मनाउन कार्यालयका उपनिर्देशक विनोदराज लेखकको संयोजकत्वमा अतिरिक्त क्रियाकालाप समिति गठन गरी रक्तदान लगायत ब्याडमिन्टन, क्रिकेट, भलिबल, क्यारमबोर्ड, तातो आलु र बुद्धिचाल प्रतियोगिताहरु संचालन गरिएका थिए ।

भलिबल प्रतियोगितामा बैंक तथा वित्तीय संस्था र नवजीवन सहकारीले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गरेका थिए । त्यसैगरी पूर्व कर्मचारीहरुका बीच तातो आलु प्रतियोगिता संचालन गरिएकोमा लक्ष्मणसिंह मल्ल प्रथम हुनुभयो । व्याडमिन्टन सिंगल तर्फ डिलाराम सुवेदी, टेकबहादुर साउद र गोन्दिराज भट्ट/धनीराम चौधरीले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । ब्याडमिन्टन डबल्समा टेकबहादुर साउद/भरत ओड, धनीराम चौधरी/गोपाल खड्का र गोविन्दराज भट्ट/नेत्र सिंह कुँवर तथा लक्ष्मी शर्मा/कर्णबहादुर देउवाका जोडीहरु क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभयो ।

त्यसैगरी उपनिर्देशकद्वय डिलाराम सुवेदी र विनोदराज लेखक समूह बीच मैत्रीपूर्ण क्रिकेट खेल आयोजना गरिएकोमा डिलाराम सुवेदी समूहले जित हासिल गरेको थियो । अन्तर बैंक तथा वित्तीय संस्थाका कर्मचारी बीचको बुद्धिचाल प्रतियोगिता तर्फ गोपालप्रसाद श्रेष्ठ, विनोदराज लेखक, शिवप्रसाद पौडेल तथा गोविन्दराज भट्टले क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ स्थान हासिल गर्नु भएको थियो । कर्मचारीहरुकै बीच प्रतिस्पर्धा गराइएको क्यारमबोर्ड प्रतियोगिताको सिंगल्स तर्फ यमबहादुर शाह, डम्बरबहादुर मल्ल र विनोदराज लेखक तथा ललित कार्की क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभयो भने डबल्स तर्फ गोपालप्रसाद श्रेष्ठ/गोविन्दराज भट्ट, विनोदराज लेखक/भरत ओड र ललित कार्की/सुरज चौधरी तथा टेक बहादुर साउद/विष्णु पाण्डेयको जोडीले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नुभयो । त्यस्तै एस.एल.सी.मा सर्वोत्कृष्ट रहेका यस कार्यालयका सहायक निर्देशक प्रेम चन्द ठकुरीका छोरा प्रवेश चन्दलाई उत्कृष्ट विद्यार्थीको प्रमाणपत्र समेत प्रदान गरियो ।

कार्यक्रममा सो कार्यालयका उपनिर्देशक डिलाराम सुवेदीले मन्तव्य मार्फत सहभागीहरुलाई स्वागत गर्नु भएको थियो भने कार्यक्रमको संचालन का. मु. उपनिर्देशक तिर्थराज ओझाले गर्नु भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ Ministry of Finance of the Netherlands ले Amsterdam, Netherlands मा अप्रिल २०–२१ मा आयोजना गरेको Netherlands-OECD High Level Global Symposium on Financial Resilience Throughout Life मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल Global IME Bank Ltd ले New Delhi, India मा अप्रिल २० मा आयोजना गरेको Inauguration of Liaison Office of Global IME Bank Ltd. In New Delhi मा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी Istanbul School of Central Banking ले Istanbul, Turkey मा मे २ देखि ६ सम्म आयोजना गरे को Seminar on "Financial Stability, Financial Crises and Monetary Policy" मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनी NATIXIS ले Paris, France मा मे १० देखि १३ सम्म आयोजना गरेको Natixis Central Banks, Supranationals, Agencies and Sovereign Wealth Funds Seminar मा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक संजिवकुमार झा पनि सो सेमिनारमा सहभागी हुनु भएको थियो ।

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्ले, अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा र विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना तथा गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ Reserve Bank of India ले Mumbai, India मा मे १३ मा आयोजना गरेको SAARC FINANCE, Joint Technical Coordination Committee (JTCC) Meeting मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक उपेन्द्रकुमार पौडेल र अनुसन्धान विभागका निर्देशक पिताम्बर भण्डारी IMF ले Colombo, Sri Lanka मा अप्रिल १९–२० मा आयोजना गरेको Workshop on Macro-Financial Linkages and Diagnostics मा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका निर्देशक रामु पौडेल र बैंकर्स प्रशिक्षण केन्द्रका का. मु. निर्देशक रामप्रसाद गौतम The Bank of Korea ले Seoul, Korea मा अप्रिल १९ देखि २२ सम्म आयोजना गरेको Monetary Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनकपुर कार्यालयका उपनिर्देशक केशवप्रसाद तिमिल्सिना र अनुसन्धान विभागका सहायक निर्देशक खगेश्वर भण्डारी पनि सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक मुकुन्दकुमार क्षेत्री र विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक सुमनकुमार अधिकारी The SEACEN Centre ले Manila, Philippines मा अप्रिल २५ देखि २८ सम्म आयोजना गरेको SEACEN-FSI Regional Seminar on the Regulation and Supervision of Liquidity Risk विषयक कार्यक्रममा सहभागी हुनुभयो । उपनिर्देशकद्वय विकास बैंक सुपरिवेक्षण विभागका हरिगोपाल अधिकारी र पोखरा कार्यालयका वसन्तबहादुर थापा सो पनि सेमिनारमा सहभागी हुनु भएको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक सरिता अधिकारी CICTAB ले Pune, India मा मे ९ देखि १३ सम्म आयोजना गरेको International Programme on "Women's Development through Income Generation Activities" मा सहभागी हुनुभयो । राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक हीरादेवी विष्ट तथा वित्त व्यवस्थापन विभागका सहायक निर्देशक स्नेहा अग्रवाल र का. मु. सहायक निर्देशक शारदादेवी मिश्र सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

बैंकिङ कार्यालयका उपनिर्देशक सुषमा रेग्मी (रिजाल) तथा अनुसन्धान विभागका सहायक निर्देशकहरु सजना शिल्पकार र अर्जुन सुवेदी The SEACEN Centre ले Bali, Indonesia मा अप्रिल १७ देखि २३ सम्म आयोजना गरेको SEACEN-BOJ Intermediate Course on Econometric Modeling and Forecasting मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक नारायणप्रसाद पोखेल IMF ले Bangkok, Thailand मा अप्रिल २८–२९ मा आयोजना गरेको APD Field Offices Retreat for Economists, Economists Analysists & Research Associates in Bangkok मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उपनिर्देशक (सू.प्र) सुवासचन्द्र घिमिरे Central Bank of Sri Lanka ले Colombo, Sri Lanka मा अप्रिल २८–२९ मा आयोजना गरेको 23rd SAARC FINANCE Coordinators' Meeting मा सहभागी हुनुभयो ।

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका मनोहर बस्नेत, बैंक सुपरिवेक्षण विभागका गिरिजाप्रसाद कोइराला तथा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशकहरु प्रकाशकुमार धिताल र समिरहरि शर्मा The SEACEN Centre ले Brunei, Darussalam मा मे ८ देखि १३ सम्म आयोजना गरेको SEACEN Intermediate Course for Bank Examiners मा सहभागी हुनुभयो ।

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका नरेन्द्रसिं विष्ट, सूचना प्रविधि विभागका सहदेव चन्द तथा सहायक निर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका शिवप्रसाद पहारी र विकास बैंक सुपरिवेक्षण विभागका इमबहादुर क्षेत्री Asian Development Bank (ADB) & Financial Supervisory Service ले Seoul, Korea मा मे ९ देखि १३ सम्म आयोजना गरेको Regional Seminar on Technology Risk Supervision मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका मीना अधिकारी, विकास बैंक सुपरिवेक्षण विभागका जनक के.सी. तथा बैंक सुपरिवेक्षण विभागका रञ्जना शर्मा र शिवनाथ योगी ADB/ Bangko

क्रमशः १२ पेजमा

पेज ११ को बाँकी...

Sentral ng Pilipinas(BSP) ले Manila, Philippines मा अप्रिल १८ देखि २२ सम्म आयोजना गरेको Regional Seminar on Bank Analysis and Supervision मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशकहरु केदारनाथ डोटेल र माधवप्रसाद पोखरेल तथा का.मु. सहायक निर्देशक कृष्णप्रसाद चौलागाईं CIMB Bank ले Singapore मा अप्रिल २३ देखि २६ सम्म आयोजना गरेको Invitation for Forex Cash Management, Cargo Shipment & Counterfeit Bank Note Detection मा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक राजेन्द्रप्रसाद रिमाल DEUTSCHE BUNDESBANK ले Frankfurt, Germany मा अप्रिल २६ देखि २८ सम्म आयोजना गरेको Expert Panel on Cash-related Processes at Central Bank-risk Coverage by the Internal Audit Function मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक डा. टापप्रसाद कोइराला IMF ले Colombo, Sri Lanka मा अप्रिल २७–२८ मा आयोजना गरेको An Enhanced General Data Dissemination System (e-GDDS) मा सहभागी हुनुभयो

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक अस्मिता गोर्खाली Central Bank of Sri Lanka ले Colombo, Sri Lanka मा अप्रिल २८–२९ मा आयोजना गरेको 2nd Meetings of Researchers under SAARC FINANCE Collaborative Research Studies मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक रविन्द्र महर्जन IMF ले Washington D. C., USA मा मे ९ देखि २० मा आयोजना गरेको Course on "Cross-Border Position Statistics (CBPS) HQ 16.04" मा सहभागी हुनुभयो ।

# तालिम

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, ग्रामीण स्वावलम्वन कोषद्वारा कोषबाट कर्जा उपयोग गरिरहेका सहकारी संस्थाका प्रतिनिधिहरुका लागि "ग्रामीण स्वावलम्वन कोषको क्रियाकलाप र लेखा" वियषक ३ दिने तालिम कार्यक्रम २०७२ चैत २८ देखि ३० सम्म धनकुटामा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. विनोद आत्रेयले कोषबाट कर्जा उपयोग गरिरहेका सहकारी संस्थाले विपन्न वर्गको जीवनस्तर उकास्न अहम् भूमिका खेलिरहेको र त्यस्ता संस्थाको बैंकले नियमित अनुगमन गरिरहेकोले कर्जाको दुरुपयो ग हुन नदिने तर्फ विशेष सजग रहनुपर्ने बताउनुभयो ।



उक्त कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक बलराम पराजुली, विराटनगर कार्यालयका निर्देशक रामु पौडेल तथा डिभिजन सहकारी कार्यालय धनकुटाका कार्यालय प्रमुख गोविन्द खड्काले वार्ता प्रस्तुत गर्नुभयो । समापन कार्यक्रममा निर्देशक पराजुलीले तालिममा सिकेका ज्ञानको प्रयोग आ-आफ्नो कार्य क्षेत्रमा गरी संस्थाको क्षमता अभिवृद्धि गर्नुपर्ने बताउनु भयो ।

झापा, मोरङ, सुनसरी, तेह्रथुम भोजपुर तथा धनकुटा जिल्लाका ३० वटा सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको सो तालिमको कार्यक्रम सञ्चालन लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक ध्रुव आचार्यले गर्नु भएको थियो ।

# सूचना आदान प्रदान एवम् पारस्परिक सहयोगका लागि समझदारी

नेपाल राष्ट्र बैंक र निक्षेप तथा कर्जा सुरक्षण निगम बीच वैशाख ८ गते सूचना आदान प्रदान एवम् पारस्परिक सहयोगका लागि समझदारीपत्र तथा सहयोग सम्झौता भएको छ ।

सो सम्झौतामा नेपाल राष्ट्र बैंकको तर्फबाट बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डे र निगमका तर्फबाट महाप्रवन्धक डा. दण्डपाणी पौडेलले हस्ताक्षर गर्नु भएको छ । उक्त सम्झौता हस्ताक्षर समारोहमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनी, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमण नेपाल लगायत सोही विभागका उपनिर्देशक दीर्घबहादुर रावल र सहायक निर्देशक केशवप्रसाद रिमालका साथै अर्थ मन्त्रालयका उपसचिव बैकुण्ठनिधि शर्मा र निगमका विभागीय प्रमुख शिवमणि अधिकारीको समेत उपस्थिति रहेको थियो ।

निगम र नेपाल राष्ट्र बैंक बीच सूचना आदान प्रदान गर्ने कार्यले वित्तीय क्षेत्रमा उत्पन्न हुने जोखिमको समयमै सम्वोधन गरी मुलुकमा वित्तीय स्थायित्व कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ ।



**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सौरभ पोखरेल
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३